REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 28.01.2025

---

*Teesta III Dam Reconstruction*

केन्द्र सरकारले सिक्किमा टिस्टा चरण तीन बाँधको पुनर्निर्माणका लागि स्वीकृति प्रदान गरेको छ। 2023 सालको भीषण बाढ़ीले यो बाँधलाई क्षतिग्रस्त बनाएको थियो।

पर्यावरण मन्त्रालयको विशेषज्ञ मूल्याङ्कन समितिले यसै महीना दस तारीक नयाँ बाँधका निर्मानार्थ स्वीकृति प्रदान गरयो।

नयाँ ढाँचा लगभग एक सय अठार मिटर अग्लो हुनेछ।

केन्द्रीय विद्युत प्राधिकरण तथा केन्द्रीय जल आयोगका अधिकृतहरू सामेल भएको उपसमितिले गत महीना सथलको निरीक्षण गरी बाँधको सुरक्षा सुनिश्चित गर्न बाड़ीको सम्भावित जोखिम र पैह्रो निगरानीको विस्तृत अध्ययन गर्ने सिफारिश गरेको थियो।

बाँध परिचालन कम्पनी सिक्किम ऊर्जा लिमिटेडको भनाइमा क्षेत्रमा एकसय उन्नाइस हिमशिखा झीलहरूको अध्ययन गर्दा तेह्रवटा खतरा हुनसक्ने पाइएको थियो।

कम्पनीको भावी आपदालाई रोक्नका लागि पूर्व चेतावनी व्यवस्था र झील मानचित्रण गर्ने योजना रहेको छ।

यस सम्वन्धमा बोल्दै उत्तर सिक्किमका हाम्रा सम्वाददाता वाङचुक भुटिया

---

*BJP*

यसैवीच प्रदेश भारतीय पार्टीले टिस्टा चरण III बाँधको पुनर्निर्माण गर्नका लागि पर्यावरण मन्त्रालयको विशेषज्ञ मूल्याङ्कन समितिद्वारा स्वीकृति दिइएकोमा यसको विरोध गरेको छ। पार्टी प्रवक्ता श्री पासाङ शेर्पा र मिडिया प्रभारी श्री निरेन भण्डारीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्ती अनुसार यस्तो स्वीकृति सिक्किमको कमजोर हिमाली पर्यावस्थालाई खतरा मात्र नभएर मानिसहरूको सुरक्षा सम्वन्धमा पनि चिन्ताको विषय हो। पार्टीले सबै रहल तकनिकी अध्ययन नभएसम्म यो स्वीकृतिलाई फिर्ता लिने र प्रभावित मानिसहरूको विचार जान्न उनीहरूका गुनासोको निवारण गर्न नयाँ जन सुनवाई गर्ने मांग गरेको छ।

*Lok Sabha MP Kailash Mansarovar Yatra*

सिक्किमका लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले यसै वर्ष 2025 को गर्मी महीनामा पवित्र कैलाश मानसरेवर यात्रा पुन: शुरू गर्ने केन्द्र सरकारको निर्णयको स्वागत गर्नुभएको छ। भारतका विदेश सचिव श्री विक्रम मिश्री र चीनका विदेश सचिव वाङ यी बीच विचारविमर्श भएपछि यस्तो आशयको घोषणा गरिएको हो। श्री सुब्बाले भन्नुभएको छ- यसको पुन: शुरूवात विशेष गरी पूर्व सिक्किमको नाथुला पास भएर गरिने यात्राले श्रध्दालुहरूका लागि तीर्थयात्रालाई सहज र सुगम बनाउनेछ। यो सकारात्मक पाइलाको स्वागत गर्दै लोकसभा सांसदले यसद्वारा दुई देशबीच आपसी सम्झौता र विश्वास बढ़ने आशा व्यक्त गर्नुभएको छ। उहाँले क्षेत्रको कल्याण र सदभावनाको प्रवर्ध्दन गर्ने पहलहरूलाई सहयोग गर्ने आफ्नो प्रतिवध्दता व्यक्त गर्नुभएको छ।

*North Sikkim Tourism*

उत्तर सिक्किमको मंगन जिल्लामा पछिल्ला दुई महीनामा पर्यटकहरूको संख्या बढ़ेको हुँदा पर्यटनको स्थिति सुदृढ़ भएको छ। यहाँहरूलाई थाहै होला हिमनदी झील विस्फोट भएर आएको बाढ़ीको कारणले अक्तूबर 2023 देखिनै यस क्षेत्रमा पर्यटकहरूको आगमन बन्द भएको थियो। उत्तर सिक्किम गत महिना पहिलो दिसम्बरदेखि पर्यटकहरूका लागि फेरि खोलिएको छ।

*Workshop*

सिक्किमका लोकगीत तथा नृत्यहरूमाथि राज्यको संस्कृति विभागद्वारा आयोजित कार्यशालाको समापन आज भयो । गान्तोक स्थित मनन भवनको मिनि हलमा आयोजना गरिएको समापन समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै सिक्किम अकादमीका अध्यक्ष श्री एस आर सुब्बाले लोक संस्कृति तथा सिक्किमको धनी परम्पराको संरक्षण अनि विभिन्न क्षेत्रका प्रतिभाहरूलाई प्रकाशमा ल्याउने संस्कृति विभागले गरेको प्रयासको प्रशंसा गर्नुभयो । सितम्बर 2024 देखि एकतीस अक्तूबरसम्म आयोजित कार्यशालामा लेप्चा, भुटिया र लेप्चा समुदायका नयाँ लोक गीत र नृत्यका कलाकारहरूलाई प्रशिक्षण दिइको थियो । आजको कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान दिएर पुरस्कृत भएका व्यक्तिहरूको अभिनन्दन पनि गरियो ।

*RNU Head Meets DGP*

पत्र सूचना कार्यालय, गान्तोक र आकाशवाणी गान्तोकका समाचार प्रमुख मानस प्रितम शर्माले आज राज्यका पुलिस महानिदेशक श्री अक्षय सचेतनासित भेट गर्नुभयो । भेटघाटका बेला उहाँहरूले आपसी हितका विषयहरूबारे कुराकानी गर्नुभयो । पुलिस महानिदेशकले सरकारका योजना तथा क्रियाकलापहरूलाई आम जनतासम्म पुऱ्याउनमा रेडियोको भूमिकाको प्रशंसा गर्नुभयो ।

*RD Forest Dept*

राज्यको बन तथा पर्यावरण विभागले गत छब्बीस जनवरीका दिन नयाँ दिल्लीको कर्तब्यपथमा आयोजित छयात्तरौ गणतन्त्र दिवस समारोहमा राज्यको प्रतिनिधित्व गरयो । बन तथा पर्यावरण विभागको उल्लेखनीय योगदानलाई ध्यानमा राखेर बन तथा बन्यप्राणी संरक्षण स्वयंसेवकहरूलाई प्रतिस्ठित समारोहको अवलोकन गर्न निम्त्याइएको थियो । गेजिङ क्षेत्रीय रेञ्जका, रेञ्ज अधिकारी श्री तेञ्जिङ W. भुटियाको नेतृत्वमा पाँच सदस्यीय टीम यसमा सहभागी बन्यो ।

*Weather*

राज्यमा आज पनि दिन धुम्मिएकाले मानिसहरूले निकै जाड़ोको अनुभव गरिरहेछन् । स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा बितेको चौबिस घण्टामा अधिकतम तापमान बाह्र दशमलऊ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमलउ सात डिग्री सेल्सियस रेकार्ड गरियो । विभागको पूर्वानुमानमा भोलि न्यूनतम तापमान सात डिग्री रहनेछ र हलुका वर्षा हुनेछ ।